# ओमसतिया गाउँपालिका
## Omsatiya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
हाटी फर्सातिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi

प.सं. / Ref No.
च.नं. / Dispatch No.

५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

मितिः२०७७/१०/१५

श्री वडा कार्यालयहरु सबै,

विषयः सूचना सम्प्रेषण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल अधिराज्य भरिका सबै स्थानिय तहहरुको केन्द्रमा मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत ) कार्यक्रम, रहेको हुँदा निर्वाचन आयोगले तोकेको मिति २०७७/१०/१६ गते देखि २०७७/१०/२० गते सम्म मतदाता नामावली सम्बन्धि त्रुटि सच्याउन/ दाबी बिरोध गर्न / दोहोरो नामावली हटाउनको लागि सम्बन्धित सबैले नागरिकताको प्रतिलिपि र मतदाता परिचयपत्रको प्रतिलिपि लागायत अन्य आवश्यक कागजातहरु सहित गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र उपस्थित हुनको लागि तहाँ कार्यालयबाट सम्पूर्ण वडावासिहरुमा सूचना सुसूचित गरिदिनुहुनका लागि जानकारी गराईन्छ। साथै निर्वाचन आयोगद्धारा प्रकाशित सूचना यसै साथ संलग्न गरि पठाईएको छ ।

०७७/१०/१५

दुर्गा पौडेल
प्रमुख प्रशासकिय अधिकृत

निर्वाचन आयोग, नेपाल

प्रमुख/सहायक नाम दर्ता अधिकारीको कार्यालय ........

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

**मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७७ देहायका क्रियाकलापसहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

| क.सं. | क्रियाकलाप | देखि | सम्म | समय | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७७/१०/१५ | | बिहान १०.०० बजे | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| २ | क.स. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित सहायक नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.स. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७७/१०/१६ | २०७७/१०/१७ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि मतदाता |
| ४ | क.स. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तहभित्र भए सहायक नाम दर्ता अधिकारीको कार्यालयमा, एकैजिल्लाभित्रको फरक फरक स्थानीय तहभित्र भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.स. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै मतदाता |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७७/१०/१६ | २०७७/१०/१७ | - | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ७ | क.स. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७७/१०/१८ | २०७७/१०/१९ | - | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.स. २ बमोजिम त्रुटि सच्याउनको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी त्रुटि सच्याउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नको लागि विवरण तयार गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | - | मतदाता नामावली ऐन, २०७३ को दफा १४(२) | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/प्रमुख नाम दर्ता अधिकारी |
| ९ | क.स. ४ बमोजिम निवेदन प्राप्त भएपश्चात सम्बन्धित स्थानीय तह भित्रै दोहोरो परेको भए सहायक नाम दर्ता अधिकारी स्वयले जाँचबुझ गरी नाम हटाउने सम्बन्धमा निर्णय गर्ने सो बाहेकका दोहोरो परेको हकमा प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नुपर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | - | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| १० | क.स. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी सहायक नाम दर्ता अधिकारीले नै हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीले आवश्यक छानबीन गरी नाम हटाउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | - | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |

| क.सं. | क्रियाकलाप | देखि | सम्म | समय | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|---|
| ११ | सूचना/निवेदन प्राप्त नभएतापनि कुनै मतदाता बँसाईसरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउन प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | - | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.स. ३ बमोजिम परेको उजुरी र क.स. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | २०७७/१०/२० | २०७७/१०/२० | - | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.स. ९,१०, ११ र १२ बमोजिम नाम हटाइएको वा हटाउनलाई सिफारिस गरेको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्ने | २०७७/१०/२१ | | बिहान १०.०० बजे | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय |
| १४ | सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली अद्यावधिक कार्यक्रममा प्रयोग भएका सबै कागजात तथा सामग्री प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा बुझाउने | २०७७/१०/२१ | २०७७/१०/२४ | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| १५ | कसं. ८ बमोजिम त्रुटि सच्याउने वा क.सं. १३ बमोजिमको नाम हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीबाट प्राप्त सिफारिस बमोजिम निर्णय गर्ने । | २०७७/१०/२२ | २०७७/१०/२६ | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १६ | क.सं. १५ बमोजिम प्रमुख नाम दर्ता अधिकारीबाट भएको निर्णय बमोजिम नाम हटाइएका वा त्रुटी सच्याइएका मतदाताको विवरण प्रकाशन गर्ने | २०७७/१०/२६ | | दिउँसो १.०० बजे | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १७ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासगै आयोगमा पठाउने | २०७७/१०/२६ | २०७७/११/०२ | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

*द्रष्टव्यः सहायक नाम दर्ता अधिकारीको कार्यालय शुक्रबार तथा सार्वजनिक बिदाका दिनमा समेत बिहान १०.०० बजेदेखि बेलुकी ५.०० बजेसम्म खुला रहनेछ ।*

अनुसूची-३

निर्वाचन आयोग, नेपाल

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७७

**मतदाता नामावलीमा नाम हटाउन/त्रुटि सच्याउन/दाबी विरोध गर्न/दोहोरो हटाउन सूचना दिने विवरण/दरखास्त फाराम**

श्री प्रमुख/सहायक नाम दर्ता अधिकारी — फाराम नं.

जिल्ला...................................गाउँपालिका/नगरपालिकाका:........................................ वडा नं.......

विषयः–मतदाता नामावलीमा नाम हटाउन/त्रुटि सच्चाउन/दाबी विरोध गर्न/दोहोरो हटाउन विवरण/दरखास्त पेश गरेको

मिति...........................मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री.............................................................................. को नाम/विवरणको सम्बन्धमा मतदाता नामावलीबाट नाम हाटाउन/त्रुटि सच्याउन मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को दफा.........................बमोजिम निर्वाचन आयोगले निर्धारण गरेको अवधि भित्र यो विवरण/दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झूठो विवरण पेश गरेको ठहरे कानून बमोजिम हुन मेरो मञ्जुरी छ।

**तपसिल**

खण्ड (क): मतदाता नामावलीमा त्रुटि सच्चाउनु पर्ने विवरण

| | मतदाता नं. | नाम: | ना.प्र.प.नं./जिल्ला | उमेर | लिङ्ग: | बाबुको नाम: | आमाको नाम: | अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि भएको विवरण: | | | | | | | | |
| हुनु पर्ने विवरण: | | | | | | | | |
| पेश गरेको प्रमाण: | | | | | | | | |

खण्ड (ख): मतदाता नामावलीमा रहेको नामका सम्बन्धमा विरोधको विवरण

| नाम: | मतदाता नं. | ना.प्र.प.नं. जिल्ला | उमेर | लिङ्ग: | बाबुको नाम: | आमाको नाम: |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| नाम समावेश हुनु नपर्ने/हटाउनु पर्ने कारण: | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | |

खण्ड (ग): मतदाता नामावलीमा दोहोरो परेको नाम हटाउन पेश गरेको विवरण

| | मतदाता नं. | नाम: | ना.प्र.प.नं. जिल्ला | उमेर | लिङ्ग: | बाबुको नाम: | आमाको नाम: |
|---|---|---|---|---|---|---|---|
| दोहोरो परेको नाम | १..........<br>२.......... | १...........................<br>२........................... | १.................<br>२................. | १..........<br>२......... | १.......<br>२....... | १.........................<br>२......................... | १......................<br>२...................... |
| कायम राख्नु पर्ने नाम | | | | | | | |
| पेश गरेको प्रमाण: | | | | | | | |

विवरण/दरखास्त दिनेको नाम थर: दस्तखत: ठेगाना: मिति:

खण्ड (घ): नाम दर्ता अधिकारीले गरेको निर्णय

नाम दर्ता अधिकारीको नाम, थर...............................................दर्जा...........................................दस्तखत.......................मिति........................